एक निर्देशिका

# संरक्षणआदेशहरू

# विषय सूची

परिचय .................................................................................... 3
संरक्षण आदेश ........................................................................... 4

योग्यता
अस्थायी संरक्षण आदेश विस्तारित संरक्षण आदेश
सुनुवाइ  संरक्षण आदेशद्वारा प्रदान गरिने राहत
संरक्षण आदेशको खारेजी

प्रतिबन्धात्मक आदेश ...................................................................... 7

उच्छृङ्खल आचरण यौन
दुर्व्यहार

आदेशको उल्लङ्घन ........................................................................ 8
सम्पत्ति विनिमय ...........................................................................10
अदालतका लागि तयारी ....................................................................11
बन्दुकसम्बन्धी कानुन.......................................................................13
जान्नुपर्ने थप कुराहरू.......................................................................14

यदि तपाईं सर्नुभयो भने
पिछा गर्ने
सम्पर्क निषेध आदेश

CVIC ले सबै व्यक्तिहरूलाई स्वागत गर्दछ र जाति, रङ, धर्म, लिङ्ग, लैङ्गिक अभिव्यक्ति, उमेर, उत्पत्ति थलो, असक्षमता, वैवाहिक स्थिति, यौनिक झुकाव वा पृष्ठभूमिको आधारमा भेदभाव गर्दैन।

# परिचय

सामुदायिक हिंसा हस्तक्षेप केन्द्र (CVIC) ले नर्थ डकोटा कानुन अन्तर्गत उपलब्ध विभिन्न सुरक्षा आदेशहरूमा सहयोग प्रदान गर्दछ। यदि तपाईंले घरेलु हिंसा, डेटिङ हिंसा, यौन दुर्व्यवहार वा पिछा गरेको अनुभव गर्नुभएको छ भने, CVIC तपाईंको सुरक्षा सरोकारहरू सम्बोधन गर्न र संरक्षणात्मक आदेशका लागि आवेदन दिन अगाडि बढ्न चाहने-नचाहने बारे निर्धारण गर्न मद्दत गर्न तत्पर छ।

निम्न पृष्ठहरूले प्रत्येक प्रकारको आदेशको बारेमा जानकारी प्रदान गर्दछ:

- संरक्षण आदेश (घरेलु हिंसा)
- उच्छृङ्खल आचरण प्रतिबन्ध आदेश
- यौन दुर्व्यवहार प्रतिबन्ध आदेश

CVIC मा विभिन्न प्रकारका आदेशहरू बारे तालिम लिएका राज्यबाट प्रमाणित अधिवक्ताहरू छन्
जसले अपराधको प्रकारको आधारमा तपाईं कुन आदेशको लागि योग्य हुन सक्नुहुन्छ,
तपाईंले जसका विरूद्ध आदेश माग्नुहुन्छ त्यो व्यक्तिसँगको तपाईंको सम्बन्ध र तपाईंको अवस्थासँग सम्बन्धित
विशेष पक्षहरूको पहिचान गर्नमा सहयोग गर्न सक्छन्।

CVIC अधिवक्ताहरू र हाम्रा कर्मचारी वकिलहरूले तपाईंलाई यस प्रक्रियामा देहायका साथै धेरै तरिकाहरूबाट सहयोग गर्न सक्छन्:

- आवश्यक फारम र कागजातहरू पूरा गर्न
- तपाईंसँग अदालतमा उपस्थित भएर
- म्याद थपका लागि आवेदन दिन
- अदालतमा सुनुवाइका लागि तयारी गर्न
- सुनुवाइमा तपाईंको प्रतिनिधित्व गर्न (CVIC वकिल) सबै CVIC सेवाहरू

तपाईंलाई निःशुल्क उपलब्ध गराइन्छ।

# संरक्षण आदेश

## योग्यता

नर्थ डकोटामा, यदि तपाईं हालसालै घरेलु हिंसाको शिकार हुनुभएको छ भने तपाईं घरेलु हिंसा संरक्षण आदेशका लागि योग्य हुन सक्नुहुन्छ। घरेलु हिंसा भनेको शारीरिक रूपमा क्षति, शारीरिक चोट, शारीरिक बल प्रयोग गरी यौन गतिविधि,वा आक्रमण गर्नु हो। घरेलु हिंसाका कार्यहरूमा: धकेल्नु, कुट्नु, बलजफ्ती समात्नु, थप्पड हान्नु, मुक्का हान्नु, घाँटी थिच्नु, कपाल लुछ्नु, लाती हान्नु, जबरजस्ती यौन क्रियाकलाप गर्नु, हतियार देखाएर धम्की दिनु वा व्यक्तिको जीवन वा सुरक्षालाई खतरामा पार्नु आदि पर्दछन्। NDCC § 14-07.1-01।

निम्न व्यक्तिहरूले संरक्षण आदेश माग्न सक्छन्:

- जीवनसाथी वा पूर्व जीवनसाथी।
- परिवारको सदस्य।
- हाल दुर्व्यवहार गर्ने व्यक्तिसँग बसिरहेको व्यक्ति, चाहे उनीहरू विवाहित हुन् वा थिए।
- जुनसुकै समयमा सँगै बसेको भए तापनि, दुर्व्यवहार गर्ने व्यक्तिसँग डेटिङ सम्बन्धमा रहेको व्यक्ति।
- अदालतले दुई पक्षहरू बिच पर्याप्त सम्बन्ध रहेको निर्धारण गरेको कुनै अर्को व्यक्ति, पहिलेका डेटिङ सम्बन्धहरू लगायत।

## अस्थायी संरक्षण आदेश

यदि तपाईं घरेलु हिंसाको शिकार हुनुहुन्छ र संरक्षण आदेश चाहनुहुन्छ भने, त्यसका लागि पहिलो चरण भनेको अस्थायी संरक्षण आदेशका लागि निवेदन दिनु हो, जसले दुर्व्यवहार गर्ने व्यक्तिबाट तत्काल संरक्षण प्रदान गर्दछ।

CVIC ले तपाईंलाई फारमहरू भर्नका लागि सहयोग गर्ने छ, जसमा तपाईंले भोग्नुभएको दुर्व्यवहारको एक सपथ-पत्र वा लिखित विवरण समावेश गर्नुपर्छ। त्यसपछि राज्यबाट प्रमाणित CVIC को घरेलु हिंसा हेर्ने अधिवक्ताले अदालतमा

न्यायाधीश समक्ष उपस्थित हुन तपाईंको साथमा हुने छन्।

न्यायाधीशले आदेशका लागि तपाईंको आवेदनको समीक्षा गर्ने छन् र तुरुन्तै निर्णय गर्ने छन्। न्यायाधीशले कुनै सुनुवाइ बिना र दुर्व्यवहार गर्ने व्यक्तिलाई कुनै सूचना नदिई अस्थायी आदेश जारी गर्न सक्ने छन्।

यदि न्यायाधीशले तपाईंका लागि अस्थायी आदेश जारी गरेमा, 14 दिनभित्र सुनुवाई हुने छ। सुनुवाइ नभएसम्म यो अस्थायी आदेश कायम रहने छ।

# संरक्षण आदेश निरन्तरता

## विस्तारित संरक्षण आदेश सुनुवाइ

14 दिनभित्र हुने सुनुवाइको उद्देश्य अस्थायी आदेश लम्ब्याउने वा लम्ब्याउन नपर्ने भन्ने कुरा निर्धारण गर्नु हो । दुर्व्यवहार गर्ने व्यक्तिलाई सुनुवाइको सूचना दिइने छ। सुनुवाइमा, न्यायाधीशले आदेश लम्ब्याउनुपर्छ कि पर्दैन र विस्तारका लागि समयावधि निर्धारण गर्ने छन्। कुनै पनि संरक्षण आदेश दुई वर्षसम्म विस्तार गर्न सकिने छ।

दुर्व्यहार गर्ने व्यक्तिलाई सुनुवाइमा उपस्थित हुने र वकिलद्वारा प्रतिनिधित्व गरिपाउने अधिकार भएकाले कानुनी प्रतिनिधित्वको व्यवस्था गर्नु तपाईंको हितमा हुन्छ। दुवै पक्षका लागि अदालतले नियुक्त गर्ने वकिलहरू उपलब्ध छैनन्।

CVIC अधिवक्ताले सुनुवाइमा तपाईंको प्रतिनिधित्व निःशुल्क गर्न सक्षम हुन सक्छन्। यदि कुनै वकिल उपलब्ध छैनन् भने, CVIC अधिवक्ताले तपाईंलाई सहयोग गर्ने छन् (यद्यपि अधिवक्ताको रूपमा सेवा दिन सक्ने छैनन्)। यी विकल्पहरूको बारेमा थप जानकारीका लागि कृपया आफ्नो अधिवक्तालाई सोध्नुहोस्।

## सुरक्षा आदेशद्वारा प्रदान गरिने राहत

संरक्षण आदेशद्वारा पीडितलाई प्रदान गरिने राहतमा यी कुराहरू पर्न सक्छन्:

- दुर्व्यवहार गर्ने व्यक्तिलाई तपाईं वा बालबालिका सहित आदेशमा सूचीबद्ध अन्य व्यक्ति विरुद्ध घरेलु हिंसाका कार्यहरू गर्नबाट निषेध गर्ने।
- दुर्व्यवहार गर्ने व्यक्तिलाई तपाईंको घर, रोजगारीको स्थान, कुनै पनि वयस्क आश्रय स्याहार केन्द्र, बाल दिवा स्याहार केन्द्र वा विद्यालय वा न्यायाधीशले उपयुक्त ठानेका अन्य ठाउँहरूमा निषेध गर्ने।
- आदेशको अवधिभरका लागि नाबालिग बालबालिकाको संरक्षकत्व र/वा भेटघाटको अधिकार प्रदान गर्ने। भेटघाट गर्दा सुपरीवेक्षण गर्नुपर्ने वा नपर्ने भनी आदेश जारी गर्न सकिने छ।
- बालबालिकाको भरणपोषण खर्च, पति/पत्नीको मानाचामल खर्च र/वा घरेलु बिलहरू भुक्तानी गर्न लगाउने।
- दुर्व्यवहार गर्ने व्यक्तिले घरेलु हिंसा गर्न वा धम्की दिन बन्दुक वा अन्य खतरनाक हातहतियारहरू प्रयोग गरेमा ती हातहतियार प्रहरीलाई बुझाउन लगाउने।

# संरक्षण आदेश निरन्तरता

## संरक्षण आदेशको खारेजी

आदेश जारी भएपछि, तपाईं र दुर्व्यवहार गर्ने व्यक्ति बिच कुनै सम्पर्क हुन दिइने छैन। यदि तपाईंले दुर्व्यवहार गर्ने व्यक्तिसँग सम्पर्क गर्न पहल गर्नुभएमा वा सम्पर्क गर्न सहमत हुनुभएमा आदेश खारेज हुँदैन। दुर्व्यवहार गर्ने व्यक्तिलाई सम्पर्क गर्नाले
तपाईंलाई अत्यन्तै कमजोर स्थितिमा राख्छ र कुनै पनि उल्लङ्घनको
अभियोग लगाउन अझ कठिन बनाउन सक्छ।

यदि तपाईं जसको बिरूद्ध आदेश जारी गरिएको छ, सो व्यक्तिसँग सम्पर्क गर्न चाहनुहुन्छ भने, तपाईंले संरक्षण आदेश परिमार्जन वा खारेज गर्नका लागि आवेदन दिनु महत्त्वपूर्ण हुन्छ। यो आवेदन CVIC वा तपाईंको निजी वकिल मार्फत् गर्न सकिन्छ।

# प्रतिबन्धात्मक

## उच्छृङ्खल आचरण

यदि तपाईं संरक्षण आदेशका लागि योग्य हुनुहुन्न भने, तपाईं अझै पनि उच्छृङ्खल आचरण प्रतिबन्धात्मक आदेश (DCRO) का लागि योग्य हुन सक्नुहुन्छ।

नर्थ डकोटामा, यदि अर्को व्यक्तिको सुरक्षा, हिफाजत वा गोपनीयतालाई असर गर्ने उद्देश्यले हस्तक्षेप गर्ने वा अनावश्यक कार्य, बोली वा इशाराहरू गरेमा कुनै पनि पीडित DCRO का लागि योग्य हुनसक्छ। NDCC §12.01-31.2-01।

दुर्व्यवहार गर्ने व्यक्तिलाई अस्थायी आदेशद्वारा कारबाही गरिने छ र सुनुवाइको समय तय गरिने छ। अदालतको सुनुवाइ प्रक्रियाले संरक्षण आदेशको प्रतिबिम्बित गर्ने छ।

कुनै पनि DCRO दुई वर्षसम्मका लागि जारी गर्न सकिने छ। सामान्यतयाः संरक्षकत्व र भेटघाटलाई यी आदेशहरू मार्फत् सम्बोधन गरिने छैन।

## यौन दुर्व्यवहार

नर्थ डकोटामा, वयस्क पक्षहरू वा नाबालिगहरू बिच सहमति बिना यौन सम्पर्क भएको खण्डमा पीडित यौन दुर्व्यवहार प्रतिबन्धात्मक आदेशका लागि योग्य हुनसक्छ। NDCC §12.01-31.2-01। यसमा बलात्कारजस्ता यौन दुर्व्यवहार समावेश भए तापनि आक्रामक ढंगले वा यौन इच्छाहरू पूरा गर्ने उद्देश्यले स्तन र नितम्ब लगायतका व्यक्तिको संवेदनशील अंगहरूलाई अन्य कुनै पनि गैर-सहमतिमा छुनु पनि समावेश हुनसक्छ।

आवेदन, अस्थायी आदेश र सुनुवाई प्रक्रिया संरक्षण आदेशजस्तै प्रतिबिम्बित हुनेछ। अदालतले अस्थायी आदेशलाई दुई वर्षसम्मका लागि विस्तार गर्न सक्नेछ।

# आदेशको उल्लङ्घन

एक पटक दुर्व्यवहार गर्ने व्यक्तिलाई यीमध्ये कुनै पनि संरक्षणात्मक आदेशहरूद्वारा कारबाही गरिसकेपछि, उसले कुनै पनि सम्पर्क गर्न गरेको वास्तविक वा प्रयास आदेशको उल्लङ्घन हो। सम्पर्क गर्न गरेको प्रयासमा देहायका कुराहरू समावेश छन्, तर त्यतिमा मात्रै सीमित छैन:

- दुर्व्यवहार गर्ने व्यक्तिले तपाईंलाई सम्पर्क गर्ने उद्देश्यले तपाईंको घर, कार्यालय, सेल वा अन्य कुनै ठाउँमा तपाईंलाई फोन कल गर्दछ चाहे तपाईंले कलको जवाफ दिनुहोस् वा नदिनुहोस्।
- तपाईंको भ्वाइस मेलमा दुर्व्यवहार गर्ने व्यक्तिले तपाईंको लागि छोडेका सन्देशहरू।
- इमेल, सन्देश, सामाजिक सञ्जालमा सन्देशहरू, वा दुर्व्यवहार गर्ने व्यक्तिबाट तपाईं निर्देशित कुनै अन्य विद्युतीय सञ्चार।
- तपाईंको लागि तपाईंको साथीहरू, सहकर्मीहरू, वा परिवारका सदस्यहरूको फोनमा सन्देश, भ्वाइस मेल, वा कुनै पनि सामाजिक सञ्जालमार्फत् छोडिएका कल र सन्देशहरू।
- तपाईंलाईं तपाईंको घर वा रोजगारीस्थलमा पठाइएका, वा तपाईंको गाडीमा वा अन्यत्र छाडिएका पत्र, तस्विर, वा अन्य पत्राचार। यसमा तपाईंको लागि तपाईंको साथीहरू, परिवारका सदस्यहरू वा सहकर्मीहरूसँग छाडिएका पत्राचारहरू पनि समावेश छन्।
- तपाईंको घर, रोजगारीस्थल, वा आदेशमा सूचीबद्ध कुनै अन्य स्थानहरूको निश्चित दूरी (अदालतको आदेशमा निर्दिष्ट गरिएको) भित्र आउनु। यसमा साथी वा परिवारका सदस्यको घर वा तपाईंको बच्चा (हरू) को दिवा स्याहार वा विद्यालय समावेश हुनसक्छ। तपाईं ती स्थानहरूमा नभए पनि तपाईंलाई सम्पर्क गर्न गरिएको कुनै पनि प्रयास उल्लङ्घन हो।
- उदाहरणका लागि, तपाईं काममा हुँदा यदि तपाईंको छिमेकीले दुर्व्यवहार गर्ने व्यक्तिलाई तपाईंको घरको अगाडि सवारी चलाईरहेको देख्छ भने, यो उल्लङ्घन हो।
- दुर्व्यवहार गर्ने व्यक्तिले तेस्रो पक्षमार्फत् तपाइँलाई पठाउन प्रयास गर्न सक्ने कुनै पनि अन्य सन्देशहरू। यसको मतलब यो हो कि
  दुर्व्यवहार गर्ने व्यक्तिले तपाईंलाई सम्पर्क गर्न वा उसको लागि सन्देशहरू दिन अरूलाई भन्न सक्दैन। उदाहरणका लागि, यदि दुर्व्यवहार गर्ने व्यक्तिले उसको/उनको आमाबाबु वा साथीले तपाईंलाई उसले/उनले माफी माग्छ र तपाईंलाई माया गर्छ भनी बताउन कल गर्छ भने, यो उल्लङ्घन हो। यसमा तपाईंको बच्चा (हरू) मार्फत पठाइएका सन्देशहरू पनि समावेश हुन्छन्।
- अन्य कुनै पनि माध्यमबाट पनि तपाइँलाई सम्पर्क गर्नको लागि गरिने कुनै अन्य प्रयास यदि ती प्रत्यक्ष सम्पर्क होईनन् भने पनि उल्लङ्घन हुनेछ। उदाहरणका लागि, यदि तपाईं सँधैको कामका लागि हिँडिरहँदा दुर्व्यवहार गर्ने व्यक्तिले तपाईंलाई सहर वरिपरि पछ्याइरहेको छ भने, यो उल्लङ्घन हुनसक्छ। यदि तपाईं दुर्व्यवहार गर्ने व्यक्तिलाई कुनै सार्वजनिक स्थानमा, जस्तै किराना पसलमा भेट्नुहुन्छ, र उसले/उनले तपाईंलाई धम्की दिने इशारा गर्छ, तपाईंलाई पछ्याउँछ, वा तपाईंसँग कुरा गर्छ भने, यी सबै उल्लङ्घनहरू हुन्।

# आदेशको उल्लङ्घन को बाँकी

## यदि तपाईंलाई आफू खतरामा छु भन्ने लाग्छ भने, तुरुन्तै 911 मा कल गर्नुहोस्।

यदि आदेश उल्लङ्घन भएको छ, तर तपाईंलाई आफू तत्काल खतरामा छु जस्तो लाग्दैन भने, उल्लङ्घनको उजुरी गर्न कानून प्रवर्तनलाई कल गर्नुहोस्। यदि तपाईं चाहनुहुन्छ भने, CVIC अधिवक्ताले तपाईंलाई कानून प्रवर्तनलाई उल्लङ्घनको उजुरी गर्न मद्दत गर्नसक्छ। सन्देशहरू, भ्वाइस मेलहरू, कल लगहरू, इ-मेलहरू, फोटो, आदिसहित उल्लङ्घनको कुनै पनि प्रमाण सुरक्षित गर्न

निश्चित हुनुहोस्। **प्रत्येक उल्लङ्घनको सूची राख्नु वा प्रहरीमा उजुरी दिनु महत्त्वपूर्ण छ र तपाईंले आदेश विस्तार गर्ने प्रयास गर्नुपर्छ।**

# सम्पत्ति विनिमय

यदि तपाईं र दुर्व्यवहार गर्ने व्यक्तिले निवास साझा गर्दै आईरहनु भएको छ भने, संरक्षण आदेशहरूले दुर्व्यवहार गर्ने व्यक्तिलाई साझा निवासबाट निष्कासित गर्नसक्छ।

अस्थायी सुरक्षा आदेशहरूले दुर्व्यवहार गर्ने व्यक्तिलाई आदेश दिइने समयमा सीमित सम्पत्ति विनिमयको लागि अनुमति दिनेछ। उसलाई व्यक्तिगत हेरचाहका वस्तुहरू, लुगाहरू, पहिचानका कागजातहरू, साँचोहरू, औषधिहरू, र उसको तत्काल आवश्यकताहरू समायोजन गर्न आवश्यक अन्य वस्तुहरू लैजान अनुमति दिइनेछ। यो विनिमय कानून प्रवर्तनद्वारा पर्यवेक्षित हुनेछ र आदेशको कारबाहीको समयमा हुन्छ।

अतिरिक्त सम्पत्तिहरू संरक्षण आदेश सुनुवाइको समयमा सम्बोधन गर्न सकिन्छ। अदालतले सुनुवाईमा कुन-कुन कुराहरू सम्बोधन गर्ने भनेर आफ्नो विवेक प्रयोग गर्नेछ। सम्पत्तिको कुनै पनि ठूला विभाजनलाई सम्भावित रूपमा छुट्टै नागरिक सुनुवाइ, जस्तै सम्बन्धविच्छेदको माध्यमबाट सम्हाल्नु पर्ने हुन्छ।

# अदालत जानको लागि

- आफ्नो शपथ पत्र समीक्षा गर्नुहोस् र सबै विवरणहरूसँग परिचित हुनुहोस्। तपाईं स्ट्यान्डमा आफ्नो शपथ पत्र ल्याउन सक्नुहुन्छ, तर धेरैजसो विवरणहरू तपाईंको दिमागमा ताजा राख्नु उत्तम हुन्छ।
- तपाइँको अधिवक्ता वा वकिलसँग अन्यथा व्यवस्था नगरेसम्म आफ्नो सुनुवाईको 15 मिनेट भन्दा अगाडि अदालतमा आइपुग्नुहोस्।
- यो औपचारिक सुनुवाइ हो, त्यसैले जागिरको अन्तर्वार्तामा जस्तो लुगा लगाउनुहोस्। यदि तपाईं अनिश्चित हुनुहुन्छ भने आफ्नो अधिवक्तालाई सोध्नुहोस्।
- अर्को पक्ष, सल्लाहकार, र/वा साक्षीहरूलाई कुरा सुन्नबाट रोक्नको लागि अदालतको हलवे वा शौचालयमा आफ्नो मुद्दाको बारेमा छलफल नगर्नुहोस्। अदालतमा एउटा तोकिएको प्रतिक्षा कक्ष छ जुन तयारीका लागि प्रयोग गर्न सकिन्छ। प्रतिवादी (जसका विरुद्ध आदेश जारी गरिएको छ) लाई यो प्रतिक्षा कक्ष प्रयोग गर्न अनुमति छैन।
- न्यायाधीशलाई "श्रीमान्" भनेर सम्बोधन गर्नुहोस् र अदालतमा कुनै पनि व्यक्तिले तपाईंलाई सम्बोधन गर्दा आदर गर्नुहोस्। सुनुवाइको क्रममा कसैलाई बाधा नपुर्याउनुहोस्। यदि कुनै कुरा स्पष्ट गर्न आवश्यक छ भने, बोल्ने पालो नआएसम्म पर्खनुहोस् वा सुनुवाइको अन्त्यमा स्पष्टीकरण दिनका लागि सोध्नुहोस्। दुवै पक्षले आरोपको बयान दिने मौका पाउनेछन्।
- बयान दिँदा, प्रश्नहरूको सीधा जवाफ दिनुहोस्, जवाफ दिँदा पर्याप्त समय लिनुहोस्, र केवल तपाइँलाई सोधिएको प्रश्नको जवाफ दिनुहोस्।
- यदि तपाईंले प्रश्न बुझ्नुभएको छैन भने, प्रश्न पुन: भन्न वा व्याख्या गर्नका लागि आग्रह गर्नुहोस्। यदि तपाईलाईं याद छैन भने, मलाई याद छैन भन्नुहोस्; जवाफ दिनैपर्छ भनेर बाध्य महसुस नगर्नुहोस्।
- छोटो र संक्षिप्त जवाफ दिनुहोस्। यदि तपाइँलाई बोल्न भनियो भने, भएका र शपथ पत्रमा उल्लेख गरिएका घटनाहरू मात्र छलफल गर्नुहोस्। आफूले के भएको थियो भनेर सोचेको कुरा वा अरू कसैले भनेर सुनेको कुराको बारेमा नबोल्नुहोस्।
- यदि तपाइँ सही मिति, समय वा स्थानहरू सम्झन सक्नुहुन्न भने, न्यायाधीश वा वकिलले तपाइँले अनुमान गर्दै हुनुहुन्छ भनेर बुझ्नुहुन्छ भन्ने सुनिश्चित गर्नुहोस्।

# अदालत जानको लागि तयारीको बाँकी

- मौखिक रूपमा सोधिएका सबै प्रश्नहरूको जवाफ दिनुहोस्। प्रष्ट र बिस्तारै बोल्नुहोस् ताकि अदालतको रिपोर्टरले सुनुवाईलाई सही रूपमा रेकर्ड गर्न सकून्।
- जब न्यायाधीशले अवरोध गर्छ वा कुनै वकिलले आपत्ति जनाउँछ भने, न्यायाधीशले तपाईंले जारी राख्न सक्नुहुन्छ भनी नभनेसम्म तपाईंले बोल्न बन्द गर्नुपर्छ।
- यदि तपाइँ कानुनी प्रतिनिधिबिना सुनुवाईमा उपस्थित हुनुभयो र सुनुवाईको क्रममा कुनै पनि बेला तपाइँलाई कानूनी प्रतिनिधित्व चाहिन्छ भन्ने लाग्यो भने, तपाइँ न्यायाधीशलाई वकिल खोज्नका लागि अदालती प्रक्रिया स्थगन गर्न अनुरोध गर्न सक्नुहुन्छ। यदि स्थगन गरियो भने, यसले तपाईंलाई एउटा वकिल खोज्नको
  लागि समय दिनेछ। न्यायाधीशले अदालती प्रक्रिया स्थगन गर्नका आदेश दिने कुनै ग्यारेन्टी छैन, तर यो अनुरोध गर्ने तपाईंको अधिकार हो।
- बच्चाहरूलाई आफ्नो साथमा अदालतमा ल्याउनु राम्रो कुरा होइन। कृपया सुनुवाइअघि बाल हेरचाहको व्यवस्था गर्नुहोस्। यदि तपाइँ बाल हेरचाहको व्यवस्था गर्न असमर्थ हुनुहुन्छ भने, सहायताको लागि CVIC लाई सम्पर्क गर्नुहोस्।
- सुनुवाई हुनुअघि आफ्ना सबै साक्षीहरूलाई सम्पर्क गर्नुहोस् र प्रमाणहरू सङ्कलन गर्नुहोस्। अस्थायी आदेश जारी भएपश्चात् स्थायी आदेशको सुनुवाइ हुनुपूर्वको बीचको दुई हप्ताको अवधिले तपाईंलाई यी जानकारी सङ्कलन गर्न समय दिन्छ। न्यायाधीशले साक्षीहरूको कुनै पनि शपथ पत्र वा लिखित बयानलाई अनुमति दिँदैन।
  साक्षीहरू बयान दिन अदालतमा उपस्थित हुन आवश्यक छ वा जानकारीलाई अनुमति दिइने छैन।
- यी सुनुवाइहरूमा सर्वसाधारणलाई प्रतिबन्धित गरिएको हुनसक्छ। तपाईंसँग न्यायधिशलाई वकिल र अधिवक्ताहरू बाहेक मुद्दामा पक्ष नभएको कुनै पनि व्यक्तिलाई अदालतबाट बाहिर पठाउन लगाउने अधिकार छ। मुद्दामा पक्ष नभएका व्यक्तिहरूमा दुर्व्यवहार गर्ने व्यक्तिको परिवार वा साथीहरू, वा तपाईंले उपस्थित हुन अनुरोध गर्नुभएको कुनै पनि साथी वा परिवारका सदस्यहरू पर्न सक्छन्। तपाईंको अनुरोध स्वीकार गर्ने न्यायाधीशको विवेकमा निर्भर हुनेछ।
- उपस्थित कुनै पनि साक्षीहरूले अर्को बयान सुन्न नपाओस् भनेर तिनीहरूलाई अदालत बाहिर पर्खाउनको लागि आग्रह गर्ने अधिकार तपाईंसँग रहेको छ।
- अदालतमा हुँदा आफूलाई आफ्नो क्षमताले भ्याएसम्म राम्रोसँग प्रस्तुत गर्नु एकदमै महत्त्वपूर्ण छ। तपाईंले सपथपत्रबाट सीधा उद्धरण नदोहोर्याउँदा बाहेक किरिया खानु राम्रो हुँदैन।

# बन्दुकसम्बन्धी कानून

## संघीय कानून

दुर्व्यवहार गर्ने व्यक्ति जसको विरुद्धमा घरेलु हिंसा संरक्षण आदेश भएको छ, त्यस्ता व्यक्तिले कुनै पनि बन्दुक वा गोलाबारुद ओसारपसार गर्नु, प्राप्त गर्नु वा स्वामित्व लिनु संघीय अपराध हो। महिला विरुद्ध हिंसा ऐन, 18 USC § 922(g)(8)।

हतियारको प्रतिबन्ध संरक्षण आदेश जारी रहुन्जेलसम्म रहन्छ, दुर्व्यवहार गर्ने व्यक्तिलाई निषेधको बारेमा भनिएको छ कि छैन र अदालतको आदेशमा लेखिएको छ वा छैन त्यसले फरक पार्दैन।

संघीय बन्दुक निषेधका केहि अपवाद छन्। ड्युटीमा रहेका कानून प्रवर्तन अधिकारीहरूलाई यस निषेधबाट विभागले जारी गरेको बन्दुकका लागि मात्र छुट दिइन्छ, जुन ड्युटीबाहिर हुँदा प्रहरी विभागमा राख्नुपर्छ। यस्तो कानून प्रवर्तन अधिकारीले यस निषेध अन्तर्गत अन्य (व्यक्तिगत) बन्दुकहरू राख्न सक्दैन।

यस संघीय कानूनको उल्लङ्घनको लागि कसैलाई गिरफ्तार गर्ने वा चार्ज गर्ने भन्नेबारे कानून प्रवर्तन र अभियोजकहरूको विवेकमा निर्भर रहन्छ।

## उत्तरी डकोटा

उत्तरी डकोटामा, तपाईंको आदेशमा दुर्व्यवहार गर्ने व्यक्तिलाई बन्दुक वा खतरनाक हतियार राख्नबाट निषेध गर्ने प्रावधान समावेश हुनसक्छ।

# जान्नुपर्ने अरू कुराहरू

## यदि तपाईं सर्नुभयो भने

घरेलु हिंसा, यौन दुर्व्यवहार, डेटिङ हिंसा, वा अवाञ्छित व्यवहारबाट पीडितलाई जारी गरिएको संरक्षणात्मक आदेशलाई पीडित जहाँ भए पनि देशभर लागू गरिनेछ। यो आदेश प्राप्त भएको समुदायमा मान्य छ र निम्न स्थानहरूमा मान्यता दिइनेछ:

- सबै 50 राज्य र कमनवेल्थ देशहरूमा,
- इण्डियन आदिवासी भूमि वा क्षेत्रहरू,
- डिस्ट्रिक अफ कोलम्बिया
- युएस भर्जिन टापुहरू, पोर्टो रिको, अमेरिकी
- सामोआ, उत्तरी मारियाना टापुहरू, र गुआम। [महिला विरुद्धको हिंसा ऐन, 18

USCA § 2265 - 2266।]

यदि तपाइँसँग तपाइँको आदेशको कार्यान्वयनको बारेमा कुनै प्रश्न छ भने, CVIC अधिवक्तालाई सम्पर्क गर्नुहोस्।

## अवाञ्छित व्यवहार

उत्तरी डकोटामा, कुनै पनि व्यक्ति जसले आफ्नो व्यवहारद्वारा अर्को व्यक्तिलाई डराउन, धम्काउन, उत्पीडन गर्न वा तर्साउनको लागि प्रयोग गरिरहेको छ त्यो व्यक्ति अवाञ्छित व्यवहारमा संलग्न हुनसक्छ। अवाञ्छित व्यवहारमा: कुनै व्यक्तिको घर बाहिर उभिने, व्यक्तिको मेल, इमेल वा फोन कलहरू निगरानी गर्ने, वा अनावश्यक टिप्पणीहरू वा उपहारहरू दिने समावेश हुनसक्छ। NDCC § 12.1-17- 07.1

हालको वा विगतको दुर्व्यवहार मिलाएर अवाञ्छित व्यवहार उच्च खतराको संकेत हुनसक्छ, र कुनै पनि अघिल्लो दुर्व्यवहारपूर्ण सम्बन्धका
पीडितहरू जोसँग अवाञ्छित व्यवहार गरिँदै छ, गम्भीर हानिको बढी जोखिममा छन्। अवाञ्छित व्यवहार गरिँदै छ भने, तपाईं DCRO (पृष्ठ 5) को लागि योग्य हुन सक्नुहुन्छ। अवाञ्छित व्यवहार गर्नेलाई फौजदारी अपराधको अभियोग पनि लगाउन सकिन्छ। यदि तपाईंलाई आफू तत्काल खतरामा छु जस्तो लाग्छ भने कृपया, कृपया 911 मा कल गर्नुहोस्।

अवाञ्छित व्यवहारको कागजात बनाउन र उजुरी गर्न महत्त्वपूर्ण छ, र यसमा CVIC ले तपाईंलाई मद्दत गर्नसक्छ। अवाञ्छित व्यवहारका सम्बन्धमा प्रश्न वा सरोकारहरूको लागि, र सुरक्षा योजनाबारे छलफल गर्न कृपया अधिवक्तालाई सम्पर्क गर्नुहोस्।

## सम्पर्क निषेध गर्ने आदेश

घरेलु हिंसा र अन्य अपराधहरूसँग सम्बन्धित आपराधिक आरोपहरूको भागको रूपमा सम्पर्क निषेध गर्ने आदेश दिइएको छ। यस प्रकारको आदेश संरक्षणात्मक आदेशभन्दा फरक छ किनभने यो एक अभियोजकद्वारा अनुरोध गरिएको हो र पीडित होइन। सम्पर्क निषेध गर्ने आदेश सामान्यतया मुद्दा विचाराधीन हुँदासम्म मात्र प्रभावकारी रहनेछ।

धेरै अवस्थामा, तपाईंले सम्पर्क निषेध गर्ने आदेशको अतिरिक्त संरक्षणात्मक आदेशको लागि आवेदन गर्नेबारे विचार गर्न सक्नुहुन्छ। यदि तपाईंसँग सम्पर्क निषेध गर्ने आदेशको बारेमा कुनै प्रश्नहरू छन् भने, CVIC को अपराध पीडित साक्षी विशेषज्ञहरूमध्ये एकलाई सम्पर्क गर्नुहोस्।

सामुदायिक हिंसा हस्तक्षेप केन्द्र

हिंसा रोकथाम गर्दै।सुरक्षा प्रवर्धन गर्दै।आशा निर्माण गर्दै।

# सम्पर्कका लागि


211 S. 4th St.
Grand Forks, ND 58201

**24x7 संकटकालीन लाईन**

701-746-8900 | 866-746-8900 (टोल फ्री)

**मुख्य कार्यालय** (सोमबारदेखि शुक्रबारसम्म, बिहान 8:30 देखि साँझ 5 सम्म) 701-746-0405

TTY लाइन: 800-366-6888

**बच्चाहरुको पहिलो बालभ्रमण / विनिमय**

701-787-5806

cviconline.org


## महत्त्वपूर्ण फोन नम्बरहरू

ग्रैंड फोर्क्स काउन्टी राज्यको वकिल कार्यालय.......701-780-8281

ग्रैंड फोर्क्स काउन्टी राज्यको शेरिफको विभाग ....... 701-780-8280 ग्रैंड

फोर्क्स काउन्टी राज्यको प्रहरी विभाग.......701-787-8000

ND वकील रेफरल र सूचना सेवा.......866-450-9579 उत्तरी

डकोटाको कानूनी सेवा.......800-634-5263

SBAND प्रो बोनो/कम शुल्क रेफरलहरू.......800-634-5263


यो प्रकाशन अमेरिकी न्याय विभागस्थित महिला विरुद्धको हिंसासम्बन्धी कार्यालयद्वारा अनुदान संख्या 2015-WL-AX-0041 बाट समर्थित थियो। यस प्रकाशनमा व्यक्त गरिएका विचार, जाँचबाट निस्केका परिणाम, निष्कर्ष र सिफारिसहरू लेखकका हुन् र यसले महिला विरुद्धको हिंसासम्बन्धी कार्यालयको न्याय विभागको विचारलाई प्रतिबिम्बित गर्दैनन्।